# कार्यपालिका बैठकको निर्णय प्रमाणित पुस्तिका

## बैठक संख्या - २६।२०७५-०७६

## मितिः २०७६।०३।११


फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका ११ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – २६।२०७५-०७६) मिति २०७६।०३।११ गते बुधबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

१. तरकारी पकेट क्षेत्र कार्यक्रमको लाभग्राही छनोट संबन्धमा

यस कार्यालयको मिति २०७६।०२।०६ को सूचना अनुसार चालु आ.ब. २०७५।०७६ को लागि गाउँ सभाद्वारा स्विकृत बार्षिक कार्यक्रम (बित्तीय समानिकरण) अन्तर्गत तरकारी पकेट क्षेत्र कार्यक्रम अन्तर्गत तरकारी खेती कार्यक्रम संचालन गर्न प्रति ब्यक्ति रु. ३०,०००।- (अक्षरेपी तिस हजार) बराबरको सामाग्री बितरण गर्न देहाय बमोजिमको लाभग्राही छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | समुह | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | बम बहादुर लिम्बु | फुकुबुङ कृषक समूह | फेदाप - १ | |
| २ | कृष्ण न्यौपाने | जनकल्याण सामुदायिक बहुउद्देश्यीय सहकारी | फेदाप - २ | |
| ३ | दिपक दाहाल | प्रगतिशिल सामुदायिक बिकास बहुउद्देश्यिय सहकारी संस्था | फेदाप - ३ | |
| ४ | लिलानाथ घिमिरे | सिर्जनशिल कृषक समुह | फेदाप - ४ | |
| ५ | पुण्य प्रसाद सुवेदी | श्री हरी बहुउद्देश्यिक कृषक समूह | फेदाप - ५ | |

२. युवा स्वरोजगार कार्यक्रमको लाभग्राही छनोट संबन्धमा

यस कार्यालयको मिति २०७५।१०।१७ गतेको सूचना अनुसार चालु आ.ब. २०७५।०७६ को लागि पशु सेवा शाखाको बित्तीय समानिकरण अन्तर्गत बिनियोजित युवा स्वरोजगार कार्यक्रम अन्तर्गत प्रस्तावनामा आधारित योजना कार्यान्वयन गर्न देहाय बमोजिमको लाभग्राही छनोट गर्ने ।

प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

| क्र.सं. | आवेदक संस्थाको नाम | ठेगाना | प्रोपाईटरको नाम | प्रस्तावित व्यवसायको नाम |
|---|---|---|---|---|
| १ | श्रीजनकल्यण सामुदायिक विकास वहुउद्देश्य सहकारी संस्था लि. | फेदाप - २, ओयाक्जुङ | श्री राम प्रसादअधिकारी | भैसी प्रवर्द्धनकार्यक्रम |
| २ | श्रीतोङ्माङ्ताङ बंगूर तथा कुखुरा कृषि फर्म | फेदाप - २, ओयाक्जुङ | श्री टिकाराज लिम्वु | बंगूर प्रवर्द्धनकार्यक्रम |
| ३ | श्रीनमुना तेह्रथुम वोयर तथा लोकल खरी बाखा फर्म | फेदाप - ३, जलजले | श्री कमल बुढाथोकी | बाखा प्रवर्द्धनकार्यक्रम |
| ४ | श्री तेर्सो लाईनवहुउद्देश्य कृषि समूह | फेदाप -४, सम्दु | श्री श्याम वहादुरलिम्वु | बंगूर प्रवर्द्धनकार्यक्रम |
| ५ | श्रीप्रगतिशिल अन्तर सामुदायिक विकास वहुउद्देश्य सहकारी संस्था लि. | फेदाप -३, जलजले | निरोज नेपाली | बंगूर प्रवर्द्धनकार्यक्रम |
| ६ | श्री फेदाप सल्लेरी कृषि फर्म | फेदाप - १, सिम्ले | कान्छी माया लिम्बु | डेरी उद्योग प्रवर्द्धन |

**३. सरस्वति आधारभूत बिद्यालयको योजना माग संबन्धमा**

श्री सरस्वति आधारभूत विद्यालय, फेदाप - २, ओयाक्जुङको च.नं. ४५ मिति २०७५।११।०९ गतेको पत्रानुसार उक्त विद्यालयको खेल मैदानको भित्ता नरम माटोको कारण बर्षेनी बगि राख्ने भएकोले उक्त माटो बग्ने क्रम रोक्न ग्याबिन वाल निर्माण गर्नको लागि आबश्यक सहयोग रकम उपलब्ध गराइदिनु हुन भनी योजना माग गर्नु भएको संबन्धमा विद्यालय ब्वयस्थापन समितिको मिति २०७५।११।०८ गतेको बैठकको निर्णय, यस कार्यालयको प्राविधिक शाखाको राय अनुसार उक्त विद्यालयको खेलमैदान जोखिममा परेकोले चालु आ.व. २०७५।०७६ को को स्विकृत बार्षिक कार्यक्रम अनुसार वन तथा भू संरक्षणमा विनियोजित कुल रु. ५,००,०००।- मध्ये रु. ३,००,०००।- (तिन लाख) खर्च हुने गरी बिनियोजन गर्ने ।

**४. वन तथा भू संरक्षण कार्यक्रम संबन्धमा**

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, फेदाप शाखा तेह्रथुमले मिति २०७६।०२।३२ गते "यस गाउँपालिका द्वारा वन तथा भू संरक्षण कार्यक्रममा विनियोजित कार्यक्रम संचालन गरी पाउँ" भनी सम्पुर्ण वडा कार्यालयको सिफारिस, प्रस्तावना पत्र संलग्न राखी पेश गर्नु भएको

फेदाप गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००


निवेदन संबन्धमा पेश गरेको प्रस्तावना पत्रलाई स्विकृत गर्दै चालु आ.ब. २०७५।०७६ को गाउँसभाबाट रु. २,००,०००।- (अक्षरेपी दुई लाख) खर्च हुने गरी उक्त कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने ।

**५. वातावरण संरक्षण तथा जलवायु परिवर्तन संबन्धि कार्यक्रम संबन्धमा**

सामुदायिक बन उपभोक्ता महासंघ नेपाल, फेदाप शाखा, तेह्रथुमले मिति २०७६।०२।३२ गते "यस गाउँपालिका द्वारा चालु आ.ब. २०७५।०७६ को बार्षिक बजेटबाट स्विकृत वातावरण संरक्षण तथा जलबायु परिवर्तन संबन्धि कार्यक्रम संचालन गरी पाउँ भनी" सम्पुर्ण वडा कार्यालयको सिफारिस साथ प्रस्तावना पत्र संलग्न राखी पेश गर्नुभएको निवेदनको संबन्धमा उक्त प्रस्तावना पत्रलाई स्विकृत गर्दै चालु आ.ब. २०७५।०-७६ को गाउँसभा द्वारा विनियोजित वातावरण संरक्षण तथा जलवायु परिवर्तन शिर्षकवाट खर्च हुने गरी रू. ३,००,०००।- (अक्षरेपी तिन लाख) को कार्यक्रम गर्न अनुमति प्रदान गर्ने ।

३।१२

प्रमुख प्रशासकीय अधिकृत